श्री

# बारा जिल्ला अदालत

## वार्ताद्वारा सवारी साधन लिलाम बिक्री गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना ।।।

### सुचना प्रकाशन मिति २०७९।९।१४

विभिन्न मुद्दामा दशी स्वरुप दाखिल हुन आई यस अदालतमा जिन्सीमा आम्दानी बाँधिएका सवारी साधनहरु जे जस्तो अवस्थामा छन सोही अवस्थामा जिल्ला अदालत नियमावली, २०७५ को नियम ९२ (९) आर्थिक ऐन नियम समेत बमोजिम डाँक बढाबढद्वारा एकमुष्ट लिलाम बिक्री गर्नु पर्ने भएकोले इच्छुक ब्यक्ति तथा फर्महरुबाट डाँक बढाबढको लागी अहान गरी मिति २०७८।७।२० मा प्रथम पटक र मिति २०७८।९।२६ मा दोस्रो पटक सूचना प्रकाशित गर्दा समेत निर्धारित समय र मितिमा केही मोटरसाईकलहरु लिलाम भई बाकी रहेका मोटरसाईकलहरु कोही कसैले पनि लिलाममा चढेका उक्त मोटरसाईकलहरु लिलाम सकार गर्न नआएकोले उक्त मोटरसाईकलहरु जिल्ला अदालत नियमावली, २०७५ को उपनियम १० तथा उपनियम (११) तथा आर्थिक ऐन नियम समेत बमोजिम कानुनले तोकेका विभिन्न कार्यालयहरुका प्रतिनिधिहरु समेतका रोहवरमा देहाय अनुसार सिधै वार्ताद्वारा एकमुष्ट बिक्री गरिने भएकोले सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| क.सं. | लगत नं. | मुद्दा | मुद्दा नं. | ईन्जिन नं. | चेचिस नं. | उत्पादन वर्ष र रङ्ग | सावारीको किसिम र नम्बर | कायम मुल्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | २८७ | लागु औषध | ०७३-cr-०१८० | JC36E73335803 | ME4JC36JCE78 27045 | २०१४ | ना २९ प ४३३४ Honda Shine कालो | रु.४३,०००।- | |
| २. | ३२९ | लागु औषध खैरो हिरोईन | ०७४-cr-०१६४ | JC65E70169574 | ME4JC652FF7052251 | २०१३ | ना.२५ प. ७९७७ होण्डा साईन कालो | रु.४२,०००।- | |
| ३. | ३५८ | मोटरसाईकल चोरी | ०७५-c1-००८४ | JA06EJG9E19690 | MBLJA06AMG9E19703 | २०१६ | ना.३८ प.३९७५ हिरो ग्लायमर कालो | रु.४८,०००।- | |
| ४ | ४०० | खोटा चलन | ०७५-c१-०२७७ | JNGBRB32812 | MD2DSJNZZRCB14370 | २००८ | ना.९ प. ५४५२ नं को १३५ सिसिको डिसकभर | रु.१०,०००।- | |
| ५. | ४२१ | विस्फोटक पदार्थ पटाका | ०७६-c1-००७९ | JA05EA89C07944 | MBLJA05EE89C08090 | २००८ | ना.९ प. १४०१ रातो रंगको सुपरस्पेलेण्डर | रु.१०,०००।- | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ६. | ४३९ | लागु औषध गाँजा | ०७६-c1-०२०१ | DHGBTA67695 | MD2DHDHZZTCA79263 | २०१० | ना.१५.प.२००४ नं.को १५० सिसि पलसर | रु.३५,०००।- | |
| ७. | ५०८ | X | X | HA10ED8GL03220 | MBLHA10ER8GL02780 | २००८ | ना.१० प.९१०२ Passin pro. कालो | रु.१८,०००।- | |
| ८. | ५०८ | X | X | JBMBSM76112 | MD2DSPAZZSWM09368 | २०१० | ना.१४.प.९०४४ कालो रंगको डिसकभर | रु.१२,०००।- | |
| ९. | ३२३ | लागु औषध डाईजोलेब | ०७४-cr-०१२८ | JBMBSG11653 | MB2DSPAZZSWG11547 | २००९ | BR-05-7597 bajaj discover 125cc कालो | रु.१३,०००।- | |

१. .वार्ताद्वारा लिलाम विक्री गरिने समय, मिति र स्थानः- २०७९ साल पौष २० गते दिउँसो २:०० बजे देखि ४:०० बजे सम्म यस अदालतको तहसिल शाखा र सो दिन सार्वजनिक विदा पर्न गए सोको भोलिपल्ट सोही समय र स्थानमा हुनेछ ।

२. वार्तद्वारा सहभागी हुन चाहने ब्यक्ति वा संस्थाले मिति २०७९।९।२० गते दिउँसो २ बजेसम्म व्यक्तिको लागी नेपाली नागरिकताको प्रमाणपत्र र संस्था भए कर चुक्ताको प्रमाणपत्र र नविकरण सहितको फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि समेत साथै राखी निवेदन दस्तुर रु.१०००।-(एक हजार) फिर्ता नहुने गरी यस अदालतमा बुझाई वार्तामा निवेदक स्वएम उपस्थित हुनुपर्नेछ।

३. निवेदन दर्ता गराई सो मिति समयमा उपस्थित नहुने ब्यक्ति वा फर्मलाई अन्य कुनै मौका प्रदान गरिने छैन र निर्धारित समय सम्ममा निवेदन दर्ता नगराउनेलाई वार्तामा सहभागी गराईने छैन ।

४. वार्तामा सहभागी हुन निवेदन दर्ता गराई निर्धारित समयधित्र एउटा मात्र ब्यक्ती वा फर्म उपस्थित भए वार्ताद्वारा मुल्य कायम गरिने र एक भन्दा बढी ब्यक्ती वा फर्म उपस्थित भएमा सहभागीका बिचमा लिलाम बढाबढको प्रक्रिया अपनाईनेछ। सो प्रक्रियमा सबै भन्दा बढी अंक कबुल गर्ने ब्यक्ति वा संस्थालाई लिलामीमा चढाईएका उक्त जिन्सी सामानहरु विक्री गरिनेछ ।

५. वार्ता (लिलाम)मा आफुले कवोल गरेको अंकको १० प्रतिशतले हुने रकम नगदै धरौट राख्नु पर्नेछ ।वार्ता (लिलाम) सम्पन्न भएपछी डाँक सकार गरि लिने ब्यक्तीले ७ दिन भित्र आफुले कवोल गरेको मुल्यको १३ प्रतिशत हुने मुल्य अभिबृद्धी कर र बाकी रकम दाखिला गरी रकम दाखिला गरेको मितिले ७ दिन भित्र सामान उठाई लैजानु पर्नेछ। ७ दिन भित्र आफुले कबुल गरेको रकम र मुल्य अभिबृद्धी कर दाखिला नगरेमा राखेको १० प्रतिशत रकम कानून बमोजिम जफत गरिनेछ ।

६. लिलाम सम्मपन्न हुदाँ सवभन्दा बढी अंक कबुल गर्ने ब्यक्ती वा फर्म बाहेक अन्यको धरौटी सोही दिन फिर्ता गरिनेछ।

७. माथि कायम गरिएको मुल्यमा नेपालमा साबिकमै दर्ता भएको सवारीहरुको बाँकी कर तथा अन्य दस्तुर लिलाम सकार कर्ता स्वयंले तिर्नुपर्नेछ ।

८. भारतिय नम्बर प्लेटका सवारी साधनको हकमा एकमुष्ट दस्तुर यातायात कार्यालयमा लिलामकर्ता स्वयंमले तिर्नु पर्नेछ।

९. यस सम्बन्धि थप जानकारी लिनु परे कार्यालय समयभित्र यस अदालतको तहसिल शाखामा सम्पर्क गर्न सकिनेछ ।